विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

**(पाँचौं पटक सूचना प्रकाशित मिति (२०८१/०७/१४)**

**आ.व. २०८१/०८२ को लागि ह्यूम पाइप, काठ, दाउरा, कागज, तामा, पित्तल, फलाम लगायत कवाडीजन्य सामाग्रीको निकासी कर दस्तुर उठाउने ठेक्का बन्दोवस्तको लागि १५ दिने शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ उपदफा २ (घ) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन/नियमावली र नगरपालिकाको आर्थिक ऐन, २०८१ ले तोके बमोजिम विदुर नगरपालिका क्षेत्रभित्रबाट निकासी हुने ह्यूमपाइप, काठ, दाउरा, कागज, तामा, पित्तल, फलाम लगायत कवाडीजन्य सामाग्रीहरुको निकासी कर दस्तुर उठाउन सिलबन्दी दरभाउपत्र आव्हान कागजातमा तोकिएको अनुमानित परिमाणभित्र रही आर्थिक वर्ष २०८१/२०८२ का लागि स्थानीय कर संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, वा कम्पनीहरुले तपसिल बमोजिमको ठेक्काहरुमा उल्लिखित शर्तहरुको अधिनमा रही बढाबढमा सिलबन्दी दरभाउपत्र सम्बन्धी प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | विवरण शिर्षक | न्यूनतम कवोल अंक (मू.अ. कर बाहेक ) | धरौटी रकम | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| BM/SQ/Revenue/01/2081-082 | ह्यूमपाइप, काठ, दाउरा, कागज, तामा, पित्तल, फलाम लगायत कवाडीजन्य सामाग्रीको निकासीकर दस्तुर संकलन, कर असुल गर्ने । | ८,३३,४००/- | कवोल अंकको ५ प्रतिशतले हुन आउने रकम | १०००/- |

**शर्तहरु**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि समेत र दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगद तिरेको रसिद वा तपसिल बमोजिमको बैंक खातामा नगद जम्मा गरेको बैंक भौचरसाथ निवेदन पेस गरी यो सूचना पाँचौं पटक प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र कार्यालयमा उपस्थित भई दरभाउपत्र पेस गर्नु पर्नेछ । दरभाउपत्र सूचना र कागजात नगरपालिकाको वेवसाइट www.bidurmun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिनेछ ।

तपसिल

राजश्व खाता रहेको बैंकको नामः **नेपाल बैंक लिमिटेड, त्रिशुली शाखा**
स्थानीय तहको नाम ठेगानाः **विदुर नगरपालिका, विदुर, नुवाकोट**
कार्यालय कोड नंः २६-३६५-०७
राजश्व खाता नंः ०२६०३०००००१००१०००००४
राजश्व शिर्षक नंः १४२२९

... कर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

२. तोकिएको सिलबन्दी दरभाउपत्र दस्तुर यस कार्यालयमा नगदै तिरेको रसिद वा यस कार्यालयको नेपाल बैक लिमिटेड शाखा कार्यालय त्रिशुलीमा रहेको आन्तरिक राजश्व खाता नं. ०२६०३००००१००१००००४ मा (फिर्ता नहुने गरी) जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउपत्र सम्बन्धि कागजातसाथ संलग्न गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र सम्बन्धि फाराम भर्दा कवोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

४. आँफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैक लि. शाखा कार्यालय त्रिशुलीमा रहेको धरौटी खाता नं. ०२६०३००००३०००००००४ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारो गरिएको सिलबन्दी दरभाउपत्र नम्बर र कामको विवरण उल्लेख गरी सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिनको म्याद भएको विड वण्ड सिलबन्दी दरभाउपत्र कागजात साथ पेश गर्नु पर्नेछ ।

५. निवेदकले सिलबन्दी दरभाउपत्र कागजातको प्रत्येक पानामा सहिछाप गर्नुपर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट पेश गर्न पाइने छैन ।

७. रितपुर्वक पर्न आएका सिलबन्दी दरभाउपत्रहरु फाराम दाखिला गर्ने अन्तिम दिनको २:०० बजे नगरपालिकाको कार्यालयमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

८. इच्छुक सिलबन्दी दरभाउपत्रदाताले कार्यालयको राजस्व शाखाबाट दरभाउपत्र सम्बन्धि विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ ।

९. सिलबन्दी दरभाउपत्र सम्बन्धि विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र सम्बन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका सिलबन्दी दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. दरभाउपत्रदाताले एकमुष्ट रुपमा कवोल अंकको रकम बुझाउनु पर्नेछ । यदी सिलबन्दी दरभाउपत्रदाताले किस्ता बन्दीमा रकम बुझाउन चाहेमा प्रथम किस्ता बापत कबोल अंकको कम्तीमा ५० प्रतिशत रकम र मु.अ.कर समेत सम्झौता गर्दाको बखत अनिवार्य वुझाउनु पर्नेछ । बाँकी ५० प्रतिशत रकमको हकमा (मु.अ.क. समेत) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी गरिएको २०८२ श्रावण मसान्तसम्म अवधि भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । उक्त बाँकी ५० प्रतिशत रकममा ३० प्रतिशत २०८१ पौष मसान्त र २० प्रतिशत रकम २०८१ चैत्र मसान्तसम्ममा बुझाउनु पर्नेछ । करमा कुनै पनि छुट सुविधा हुने छैन ।

१२. नियमानुसार नेपाल सरकारलाई बुझाउन पर्ने आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउन पर्नेछ ।

१३. नियमानुसार तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउपत्रदाताले राखेको धरौटी जफत गरी कानून बमोजिम प्रक्रिया अगाडि बढाइनेछ ।

सुधाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

१४. उठाइने करका दर र परिमाणहरु दरभाउपत्र फारामसाथ उपलब्ध गराइनेछ ।

१५. यो सूचना आर्थिक वर्ष २०८१/०८२ को बाँकी अवधिको लागि मात्र हुनेछ । कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१६. विदुर नगरपालिका र दरभाउपत्रदाता बीचमा क्षेत्राधिकारका विषयमा विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ। आपसी समझदारीमा समाधान नभएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१७. नगरपालिका र दरभाउपत्रदाताबीच सम्झौता भएको मितिदेखि सम्झौता कार्यान्वयन भएको मानिनेछ । जुनसुकै मितिमा सम्झौता भए पनि कवोल रकममा कुनै छुट दावी गर्न पाइने छैन ।

१८. यस सूचना र सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भएका विषय यसै सूचना र सिलबन्दी दरभाउपपत्र कागजात बमोजिम हुने र उल्लेख नभएका विषयहरु प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेछ ।

२०८१।६।१४

प्रमुख प्रशासकीय अधिकृत

विदुर नगरपालिका

सुभाकर पौडेल

प्रमुख प्रशासकीय अधिकृत